नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, ललितपुर

## चमेना गृह सञ्चालन सम्बन्धी प्रस्ताव आब्हानको सुचना

(दोश्रो पटक प्रकाशित मिति: २०८०/०८/०८)

यस कार्यालयमा आउने सेवाग्राही तथा कर्मचारीहरुको लागि कार्यालय परिसरमा चमेना गृह सञ्चालन गर्नुपर्ने भएकोले सम्बन्धित कार्यमा इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१) **दरभाउपत्र दस्तुर-** इच्छुक प्रस्तावदाताले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालय परिसरभित्र रहेको ग्लोबल बैंक लि., लगनखेल शाखाको एक्सटेन्सन काउण्टरमा राजस्व खाता नं.०००४०१००००००१, कार्यालय कोड नं.३१४९२३४०२, राजस्व शिर्षक नं.१४२२९ मा रु.१,०००.०० (फिर्ता नहुने गरी) दाखिला गरेको सक्कल भौचर, अध्यावधिक फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गरी यस कार्यालयको लेखा शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२) **दरभाउपत्र खरिद अन्तिम मिति-** यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र ।

३) **दरभाउपत्र दर्ता अन्तिम मिति-** यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ बजेसम्म, जिल्ला प्रशासन कार्यालय, ललितपुर लेखा शाखा ।

४) **दरभाउपत्र खोलिने समय, मिति र स्थान-** यो सूचना प्रकशित भएको मितिले ८ औं दिनको २ बजे जिल्ला प्रशासन कार्यालय, ललितपुरको बैठक कक्ष ।सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट खोलिनेछ ।प्रस्तावदाताहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) **धरौटी रकम-** दरभाउपत्र स्वीकृत भए पछि सम्झौता गर्नुअघि रु.१५,०००.०० (अक्षरुपी पन्ध्र हजार रुपैया मात्र ।) रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको नेपाल बैंक लि., गाबहाल शाखामा रहेको धरौटी खाता नं.०१८०१०००००२००३००००१, कार्यालय कोड ३१४९२३४०२ मा यस कार्यालयको नाममा दाखिला गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

६) दर्ता भएका रितपूर्वकको प्रस्तावहरु मध्ये औसतमा सबैभन्दा घटी दर प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

७) चमेना गृह सञ्चालनको सम्झौता २०८२ आषाढ मसान्तसम्मको लागि हुनेछ ।सन्तोषजनक कार्यसम्पादनको आधारमा आपसी सहमतिमा सम्झौताको म्याद थप गर्न सकिनेछ ।

८) दरभाउपत्र दर्ता गर्दा खाममा प्रस्तावदाताले बिषय, नाम, ठेगाना, सम्पर्क नं. समेत खुलाई पेश गर्नुपर्नेछ । रीत नपुगेको वा म्याद नाघी आएको वा शर्तसहितको प्रस्ताव उपर कुनै कारबाही गरिने छैन ।

९) प्रस्तावित दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) चमेना गृहको लागि कार्यालय परिसरभित्र कोठा (टहरा) प्रयोग गर्न दिइनेछ । सो बापत मासिक भाडा रु.७,०००.०० (अक्षरुपी सात हजार रुपैया मात्र ।) भुक्तानी गर्नुपर्नेछ ।चमेनागृहमा सञ्चालकले बिद्युत सब-मिटर जडान गर्नुपर्नेछ र मिटरमा उठेको महसुल भुक्तानीको दायित्व चमेनागृह सञ्चालकको हुनेछ ।साथै स्थायी संरचनामा असर नपर्ने गरी फर्निचर तथा फर्निसिङ लगायतको व्यवस्थापन सञ्चालक स्वयंमले गर्न सक्नेछ ।

प्रमुख जिल्ला अधिकारी

११) चमेना गृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवम् चमेनागृह र वरपरको सरसफाई कायम गर्नुपर्नेछ ।कार्यालयबाट हुने अनुगमनको क्रममा सेवा सन्तोषजनक भएको नपाईएमा जुनसुकै बखत कार्यालयले आवश्यक कारवाही/चेतावनी दिनेछ ।देखिएको कैफियत सुधार गर्न पटक-पटक सजग गराउदा समेत सुधार भएको नपाइएमा यस कार्यालयले एकतर्फी रुपले सम्झौता भंग गर्न सक्नेछ ।

१२) चमेनागृहमा सूर्तिजन्य र मदिराजन्य पदार्थ तथा प्रतिबन्धित बस्तु/सेवा बिक्री वितरण तथा उपभोग गर्न पाइने छैन ।

१३) खाजा/खानाको दर सम्झौता भएको मितिले १ बर्षसम्म बृद्धि गर्न पाइने छैन । १ बर्षपछि बार्षिक १० प्रतिशतमा नबढ्ने गरी कार्यालयको स्वीकृतिमा दररेटमा बृद्धि गर्न सकिनेछ ।

१४) कार्यालयले तोकेको समयभित्र मात्र चमेना गृह सञ्चालन गर्नुपर्नेछ । प्रस्ताव स्वीकृत हुने स्वयंमले नै व्यवसाय सञ्चालन गर्नुपर्नेछ र स्वीकृत मूल्य सूचीको विवरण सबैले देख्ने स्थानमा टाँस गर्नुपर्नेछ ।

१५) सम्झौता अवधि समाप्त हुनु अगावै कार्यालयको स्वीकृति बिना सेवा बन्द गरेमा वा सम्झौतामा भएका शर्तहरु पालना नभएमा जुनसुकै बेला यो सम्झौता रद्द गरी धरौटी रकम जफत हुनेछ ।

१६) यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

२०८०।०५।०८

..............................

(अमरदिप सुनुवार)

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

सहायक-प्रमुख जिल्ला अधिकारी